कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०७६।७७
चलानी नं.: २०२८

मिति: २०७६।११।११

विषय: प्रस्तावना पेश गर्ने बारेको सूचना ।

श्री सबै सामुदायिक विद्यालयहरु,
कालिका नगरपालिका चितवन ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति २०७६।११।०८ को निर्णय अनुसार आ.व. २०७६।७७ को विद्यालय क्षेत्र विकास कार्यक्रम र कालिका नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका तपसीलमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनका लागि मिति २०७६।११।२५ गते भित्रमा प्रस्तावना पत्र पेश गर्न यस कालिका नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघे पछि प्राप्त प्रस्तावना उपर आवश्यक कारवाही नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपसील:

| क्र सं | कार्यक्रमक | इकाइ | परिणाम | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | | | |
| १.१ | माध्यमिक विद्यालय पुस्ताकालय स्थापना तथा व्यस्थापन | विद्यालय | १ | ६५०००० | |
| १.२ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग अनुदान | विद्यालय | १ | ६५०००० | |
| १.३ | माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान | विद्यालय | १ | ६५०००० | |
| १.४ | गणित, विज्ञान र अंग्रेजी विषयका लागि सामग्री - प्स्तक) अनुदान, | विद्यालय | १ | ५०००० | |
| १.५ | तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | विद्यालय | ५ | २५०००० | |
| १.६ | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | विद्यालय | १ | २००००० | |
| २ | सामुदायिक विद्यालयमा यातायात व्यवस्थापन का लागि लागत सहभागिता सहयोग अनुदान | विद्यालय | | २०००००० | |

उप सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आधारभुत विद्यालयमा कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर र इन्टरनेट जाडानका लागि अनुदान ५ | विद्यालय | ५ | ११००००० | |
| ४ | एक विद्यालय एक फुलवारी कार्यक्रम | विद्यालय | | १७५०००० | |
| ५ | विद्यालय भौतिक सुविधा मर्मत | विद्यालय | | ३०००००० | |

**प्रस्तावना पत्रका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु र शर्त:**

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलगअलग प्रस्तावना पत्र पेश गर्नु पर्ने छ।
२. विगत वर्षहरुमा प्रदेश सरकार, शिक्षा विकास तथा समन्वय इकाइ र यस नगरपालिका लगायत अन्य संघ संस्थाहरुबाट प्राप्त नाभएको कार्यक्रम हुनु पर्ने छ।
३. विद्यालयव्यवस्थापन समितिको निर्णय प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।
४. पुस्तकालय, विज्ञानप्रयोगशाला र सूचान प्रविधिकालागि अलग्गै कक्षाकोठा भएको हुनपर्ने छ।
५. कार्य सम्पादनमा आधारित अनुदानका लागि विद्यालय अनुदान निर्देशिका २०७४ को अनुसूची ३ मा उल्लेखित कार्यसम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकालाप सहितको प्रस्ताव पेश गर्नु पर्ने छ।
६. उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान का लागि विद्यालय अनुदान निर्देशिका २०७४ को अनुसूची ३ मा उल्लेखित कार्यसम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकालाप सहितको प्रस्ताव पेश गर्नु पर्ने छ।
७. एक विद्यालय एक फुलवारी कार्यक्रमको लागि विद्यालय फुलवारी बनाउने स्थानको फोटो पेश गर्नु पर्ने छ।
८. विद्यालय भौतिक मर्मतको लागि जुन कार्य गर्ने हो सोको आवश्यकता पुष्टी गर्ने फोटो तथा लागत इस्टिमेट पेश गर्नु पर्ने छ।
९. सम्बन्धित वडा कार्यालयको सिफारिश समावेश गर्नु पर्ने छ।
१०. माध्यमिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान, शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग अनुदान र माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम विगत वर्षहरुमा सबै माध्यमिक विद्यालयहरुले प्राप्त गरिसकेको भएमा कक्षा १–८ संचालन भएका आधारभुत विद्यालयहरुलाई प्रस्तावना पत्रका आधारमा छनौट गरिने छ।
११. कार्यक्रम प्रस्तावको नमूना यसै साथ संलग्न गरिएको छ।

उपसचिव
शिक्षा, युवा तथा खेलकुद शाखा

बोधार्थ:

श्री सूचना प्रविधि अधिकृत, कालिका नगरपालिका- नगरपालिकाको Website मा Upload गरि दिनु हुन।

## कार्यक्रम प्रस्तावको नमूना

१. विद्यालयको विवरण: यस अन्तर्गत विद्यालयको संक्षिप्त विवरण, अनुमति प्राप्त मिति, संचालित कक्षा, कक्षगत तथा तहगत रुपमा विद्यार्थी विवरण शिक्षक विवरण, कक्षाकोठा विवरण, शौचालय लगायत अन्य अति आवश्यक विवरण

२. प्रस्तावित कार्यक्रमको विवरण:

क. कार्यक्रमको नाम:

ख. कार्यक्रमको पृष्ठभूमी, आवश्यकता र औचित्य समेत

ग. कार्यक्रमको उद्देश्य:

घ. सम्पादनगर्नु पर्ने मुख्य मुख्य कामहरु:

ङ. कार्यक्रमबाट प्राप्तहुने उपलब्धीहरु:

च. कार्यक्रम सम्पन्नगर्ने कार्ययोजना:

| क.सं. | क्रियाकलाप | कार्यान्वयन विधि तथा प्रक्रिया | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

छ. प्रस्तावित बजेट:

अ.. माग गरिएको रकम:

आ. विद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकम:

| क.सं. | विवरण | इकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि:

४. सम्बन्धित वडाका र्यालयको सिफारिश पत्र:

विद्यालयको तर्फबाट:

प्र.अ.को नाम थर:

हस्ताक्षर:

मिति:

विद्यालयको छाप:

नोटः प्रस्ताव तयार गर्दा पुस्तिकाको रुपमा तयार गर्नु पर्ने छ ।